# आर्थिक वर्ष २०७४।७५, सोताङ गाउँपालिकाकोलागि, गाउँपालिका उपाध्यक्ष श्री लक्ष्मी कार्कीद्वारा प्रस्तुत नीति तथा कार्यक्रम

## सोताङ गाउँपालिकाको कार्यालय

**सोताङ १३ भाद्र २०७४**

१. आदरणीय गाउँसभाका अध्यक्षज्यू, सम्पूर्ण सभाका सदस्यज्यूहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरु नेपालको संविधान (२०७२) कार्यान्वयनको चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित स्थानीय सरकारबाट पहिलो पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ । नेपालको लोकतान्त्रिकरणको लागी योगदान पुर्याउनु हुने सम्पूर्ण पक्षहरुको उच्च सम्मान गर्दछु ।

२. यस गाँउपालिकामा हामीलाई विश्वास गरी विजय गराउनु हुने सम्पूर्ण मतदाता महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

३. आफ्नो गाउँ आफै बनाउ भन्ने नारालाइ आत्मसाथ गर्दै जनसहभागिताको आधारमा बिकास कार्यलाइ अगाडी बढाउने मुल नीति हुनेछ ।

४. कृषिको आधुनिकीकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुर्याउन कृषिजन्य तथा नगदेबालीजन्य उद्योग तथा व्यवसायहरुलाई प्राथिमकता दिइनेछ ।

५. पर्यटन तथा संस्कृति विकासका लागी पिकनिक स्पोट, पार्क व्यवस्थापन, मठमन्दिरहरु, पुरातात्विक वस्तुहरुको खोज तथा व्यवस्थापनमा सहयोग गरिनेछ । पर्यटक तथा धार्मिक व्यापार व्यवसाय गर्ने सम्पूर्ण संघ संस्थाहरुलाई दर्ता प्रक्रियामा ल्याई गुणस्तरीय बस्तु तथा सेवा प्रवाहमा सहयोग पुर्याइनेछ ।

६. पर्यटकीय स्थलहरुको पहिचान र भौतिक पूर्वाधारको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिनेछ ।

७. आफ्नो गाउँ आफै बनाउ अभियान अन्तर्गत सहकारीमा सवै नागरिकहरुको पहुँच पुर्याई कृषिमा योगदान पुर्याउने सहकारीलाई प्रोत्साहत गरिनेछ । साथै वित्तीय क्षेत्रको विकासमा योगदान पुर्याउने नीति लिइनेछ ।

८. युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाइ सितमुलक तथा व्यवसायीक तालिम प्रदान गरिने छ ।

९. विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयमा जाने बातावरण सिर्जना गरिनेछ । बालमैत्री शिक्षामा जोड दिदै गुणस्तरीय शिक्षाका लागि अंग्रेजी माध्यमबाट शिक्षण गराउने व्यवस्था मिलाइनेछ । सोताङ गाँउपालिकामा स्नातक तह उतीर्ण जनशक्तिलाई अनिवार्य रुपमा ३ महिना सेवा गर्ने प्रावधान मिलाइने व्यवस्था गरिनेछ । विद्यार्थी उतिर्णको आधारमा शिक्षकलाई पुरस्कृत गरिनेछ ।

१०. ऐतिहासिक महत्व बोकेका हुलुकालिका मन्दिर, विष्णुमती हलेसी, गुम्बा, पोखरी गुम्बा संरक्षण र भ्यू टावर बनाउन पहल गरिनेछ ।

११. यस गाउँपालिका भित्रको सडकको पहुँच नपुगेका स्थानहरुमा सडक पुर्याइनेछ । हाल भई रहेका सडकहरुको स्तरोन्नती गरी कच्ची सडकहरुलाई ग्रावेल गरिनेछ ।

१२. जडिबुटि तथा दुर्लभ वन्यजन्तुको संरक्षण गर्ने नीति लिईनेछ ।

१३. महिलाहरुको आयआर्जनलाई टेवा पुग्ने खालका सिपमूलक कार्यक्रमहरु संचालन गरिने छ ।

१४. आवश्यक स्थानहरुमा पुल पुलेसाहरु निर्माणमा जोड दिइनेछ ।

१५. कृषिको लागी उर्वरभूमि भएको स्थानहरुमा प्राथमिकिकरणको आधारमा सिंचाइको आवश्यक प्रवन्ध गरिनेछ । एक वडा एक कृषि सेवा क्षेत्र तथा पशुसेवा केन्द्रको लागि जोड दिइनेछ ।

१६. बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ कार्यान्वयनमा ल्याई गुणस्तरीय भवन निर्माण गर्ने व्यवस्था मिलाई सामूहिक वस्ती विकासलाई प्रोत्साहन गरिनेछ ।

१७. भूमिहिन किसानहरुको लागि उपयुक्त स्थानमा जग्गाको व्यवस्था गरी बसोबासको व्यवस्था गरिनेछ ।

१८. जलविद्युत उत्पादन गर्ने कम्पनीहरुलाई सहजीकरण र प्रोत्साहन गरिनेछ । साना तथा लघु जलविद्युत आयोजनाको लागी अनुमति लिई हालसम्म कार्य सूचारु नगरेका कम्पनीलाई १ वर्ष भित्र कार्य सूचारु नगरेमा दर्ता खारेजीको सिफारिस गरिनेछ । वैकल्पीक उर्जाको उपयोगमा जोड दिइनेछ ।

१९. प्रत्येक वडाको केन्द्र रहेको स्थानहरुमा नेपाल टेलीकमबाट टेलिफोन लाईन जडानको लागी जोड दिइनेछ । प्रत्येक वडामा इन्टरनेटको व्यवस्था गरी सामाजिक सुरक्षा भत्ता र पञ्जीकरण सम्वन्धी कार्य सूचारु गरिनेछ ।

२०. १८ वर्ष मुनीका आमाबुवा गुमाएका बालबालिकालाई शिक्षा, स्वास्थ्य सेवामा प्रोत्साहन गरिनेछ ।

२१. बिपन्न, गरिब, अपाङ्ग, जेष्ठ नागरिक, दलित तथा एकल महिलाहरुलाइ स्वास्थ क्षेत्र र औषधिउपचारमा सहुलियत प्रदान गरिने छ ।

२२. वन तथा भू-संरक्षणको लागी आवश्यक व्यवस्था गरिनेछ । जलाधार क्षेत्रहरुको संरक्षणमा जोड दिइनेछ । बातावरणलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था गरिनेछ । जलवायु परिवर्तनलाई अनुकुलन हुने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

२३. बजार क्षेत्रहरुमा तत्काल र सवै वस्तीहरुमा क्रमश: फोहोर मैला व्यवस्थापनको उचित व्यवस्था गरिनेछ । Sanitary Land Fill Sites पहिचान गरी आवश्यक व्यवस्था गरिनेछ । जोखिममा रहेका वस्तीहरुलाई वैकल्पिक स्थानहरुका वस्ती व्यवस्थापन गर्न जोड दिइनेछ ।

२४. आगामी आ.व. भित्रमा एम्बुलेन्स संचालनको लागी आवश्यक व्यवस्था गरिनेछ ।

२५. दक्ष जनशक्तिको आपूर्तिको लागी स्थानीय स्तरमा आवश्यक पर्ने कार्य गर्न सक्ने जनशक्ति तयार गर्न तालिमहरुको उचित व्यवस्था गरिनेछ । लोकसेवा तयारी कक्षा तत्काल सुरु गरिने छ ।

२६. सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गरिनेछ । संस्थागत पूर्वाधार विकासमा जोड दिइनेछ । यस गाउँपालिका भित्रका सवै सार्वजिनक निकायहरुमा अनिवार्य रुपमा नागरिक वडापत्र राख्नु पर्ने व्यवस्था गरिनेछ ।

२७. सेवालाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ । साथै सेवा प्रवाहमा विद्युतीय माध्यमबाट हुने सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

२८. गाउँपालिकाको आर्थिक कारोबारलाई अन्तराष्ट्रिय लेखामानदण्ड अनुरुप लेखांकन पद्धतीमा राखिनेछ ।

२९. राजस्व परिचालनको दायरालाई फराकिलो बनाई विस्तार गरिनेछ ।

३०. वित्तीय अनुशासनलाई कडाइकासाथ पालना गरिनेछ । वित्तीय जोखिम न्यूनिकरणको लागी वित्तीय जोखिम न्यूनिकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिइनेछ ।

३१. प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाइनेछ । सामाजिक लेखा परीक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । विभिन्न निर्देशिकाहरु र कार्यविधिहरुको तर्जुमा गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ । अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्यौटलाई तोकिएको सम्पन्न गर्ने नीति लिइनेछ ।

३२. गाउँ कार्यपिलिकाको कार्यालयले यसै बर्ष भित्र सोताङ गाउँ पालिकाको पाश्वचित्र निर्माण गरिने छ ।

३३. सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थापनको लागी स्थानीय एफ एम हरुसँग समन्वय गरी गाउँपालिकाका सूचनाहरुलाई प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

३४. उब्जाउ जग्गा बाझो राख्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

३५. गाउँपालिकामा औधौगीक तथा पर्यटकीय क्षेत्रमा लगानी गर्न चाहने व्यक्ति तथा फर्मलाइ आवश्यक सहयोग र प्रोत्साहन दिने नीती लिइने छ ।

३६. अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्याउने गाउँपालिकाका कर्मचारी, सम्पूर्ण वडा समितिका पदाधिकरीहरु, पत्रकारहरु लगायत सम्पूर्ण सोताङवासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद